सुनचाँदी
(प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | ३,०५,४०० ▲ |
| चाँदी | : | ४,७९० ▲ |

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २५६०.८४ (+१८.०७) ▲ |
| कारोबार रकम | : | ३,८३१,५८४,४२१.७९ ▲ |
| कारोबार भएका सेयर | : | ९,२९८,०९४ |
| कारोबार सङ्ख्या | : | ५०,८८४ |
| कारोबार भएका कम्पनी | : | ३५२ |

## जेनजी आन्दोलनको एक वर्ष

# क्षति बिर्सेर समालिँदै निजी क्षेत्र



पुनर्निर्माण गरी सञ्चालनमा आएको भाटभटेनीको चितवन शाखा ।



जेनजी आन्दोलनमा क्षतिग्रस्त सतुङ्गलस्थित चौधरी समूहको औद्योगिक परिसर ।

**गोपालचन्द्र सुवेदी**
*काठमाडौँ, भदौ २३ गते*

२०८२ भदौ २३ गते भएको अकल्पनीय मानवीय क्षतिले २४ गते ठुलो प्रतिरोध हुने आकलन निजी क्षेत्रले गऱ्यो – ठुलो विरोध हुने छ । बानेश्वरमा भएको हताहतीले देशव्यापी प्रतिरोध सिर्जना गर्ने आकलन थियो ।

त्यस्तो आकलनभन्दा फरक दृश्य निजी क्षेत्रले भोग्नु पऱ्यो । अर्बौं लगानीका व्यावसायिक भवन उद्यम व्यावसायिक केन्द्रदेखि कतिपय उद्यमीका घरमा समेत आगजनी तथा लुटपाट भयो । अर्बौंको सम्पत्ति क्षणभरमै सखाप हुने गरी आगजनी भयो । प्रतिष्ठित उद्यम व्यवसाय मात्र निसानामा परेनन् साना पसल तथा व्यवसायसमेत खरानी बन्न पुगे । उद्यमी व्यवसायी निरीह आगो हेरिरहने नियतिमा पुगे आगोले भौतिक सम्पत्ति मात्र जलाएन दशक लगाएर बनाएको प्रतिष्ठाको विरासत र देशभित्रै केही गरौँ भन्ने इच्छाशक्ति नै क्षय भयो ।

अकल्पनीय चोटिलो प्रहारलाई सहँदै समालिएर ठिक एक वर्षपछि अइपुग्दा प्रभावित व्यवसायी उद्यमी आफ्ना व्यवसाय तथा उद्यममार्फत पुरानो लय स्थापित गर्ने अवस्थामा भने आइपुगेका छन् । करोडौँका भवन बजार पठाउने तयार सामग्री उत्पादन गर्ने उपकरणदेखि सवारीसाधनको क्षति रहँदारहँदै पनि आशालाग्दो हिसाबले पुनर्स्थापित हुन सकेको देखिन्छ ।

जेनजी आन्दोलनका क्रममा भएको क्षतिको मूल्याङ्कन तथा सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समितिको प्रतिवेदन अनुसार निजी क्षेत्रले ३३ अर्ब ५४ करोड ८७ लाख रुपियाँ बराबरको क्षति बेहोरेको थियो । जेनजी आन्दोलनका क्रममा आक्रोशित तथा अनियन्त्रित भिडले भाटभटेनीका देशभरका २१ सुपरमार्केट, सतुङ्गलमा रहेको सिजी पार्क, नक्सालको हिल्टन होटेल, बानेश्वरको एनसेल मुख्यालय, सेन्ट्रल बिजनेस पार्क, चन्द्रागिरि तथा मौलाकालिका केबलकार, थपाथलीमा रहेका सवारीसाधनका सोरुम कान्तिपुर मिडिया ग्रुपदेखि निजी आवासमा समेत तोडफोड, आगजनी तथा लुटपाट भएको थियो ।

देशभरका शाखामा क्षति बेहोरेको भाटभाटेनीले अहिले चार वटाबाहेक सबै शाखा पुनः सञ्चालनमा ल्याइएको छ । बालुवाटार वेयर हाउस, कोटेश्वर र महाराजगन्ज शाखालगायत विराटनगरदेखि बिर्तामोडसम्मका शाखा सुचारु गरिसकेको छ । भाटभाटेनीमै रहेको मुख्य शाखासहित बाँकी चार शाखा पुनर्निर्माणकै क्रममा छन् । दसैँअघि नै यी शाखा सञ्चालनमा ल्याउने तयारी उसको छ ।

नक्सालस्थित हिल्टन होटेल गएको पाँच महिनादेखि पुनर्निर्माण जारी छ भने हायात होटेल व्यवस्थापनले अबको चार महिनाभित्र सञ्चालनमा ल्याउने लक्ष्यसहित पनि क्षतिग्रस्त संरचना मर्मतसम्भार गरिरहेको छ । चन्द्रागिरि र मौलाकालिका केबलकार पनि क्षतिलगत्तै मर्मतसम्भार गरी पुनः केही महिनाभित्रै सञ्चालनमा ल्याइएको थियो । गोल्यन टावरलगत्तैको मर्मतसम्भारपछि सुचारु गरिएको थियो । ठुलो आगजनी बेहोरेको बानेश्वरको एनसेल टावर भने मर्मत भइसकेको छैन । क्षति पुगेका डेटा सेन्टर भने उसले मर्मत गरी सुचारु गरेको छ ।


थापाथलीमा रहेका टाटा, सिजी, महिन्द्रा, सुजुकी, हुन्डाईका सोरुममा आगजनी तथा तोडफोडमा परेका सबै सोरुम सञ्चालनमा आइसकेका छन् । चौधरी ग्रुप अन्तर्गत प्रभावित अधिकांश व्यवसाय, कार्यालय तथा निजी निवास पनि पुनः सञ्चालनमा ल्याइको छ । सतुङ्गलमा रहेको सिजी डिजिटल पार्कमा ठुलो आगजनी भएको थियो जुन अहिले मर्मतसम्भारकै क्रममा छ । बालुवाटारस्थित वर्णवास होटेल पनि अझै पुनर्निर्माणकै क्रममा छ । आन्दोलनको निर्मम प्रहारबाट जेनतेन उठे पनि निजी क्षेत्रले त्यसबेला गुमाएको मनोबल र व्यवसाय विस्तारको प्रक्रिया भने कमजोर अवस्थामै रहेको देखिन्छ । ढुक्क हुने अवस्था नबनेको आकलनसहित जेनजी आन्दोलनपछि नयाँ उद्यम व्यवसाय सुरु गर्ने नयाँ लगानी गर्ने जमर्को भने निजी क्षेत्रले गर्न नसकेको देखिन्छ ।

आन्दोलनलगत्तै सरकारले निजी क्षेत्रलाई पुनः उठ्न सहयोग हुने गरी राहत तथा पुनर्स्थापनको प्याकेज पनि ल्याएको थियो । प्रत्यक्ष प्रभावित उद्योगी तथा निजी प्रतिष्ठानलाई साँवाब्याज भुक्तानको अवधि थप, आधार दरमा ०.५ प्रतिशत मात्र थपेर सहुलियत दरमा कर्जादेखि क्षति भएका मालवस्तु आयात गर्नुपर्दा अन्तःशुल्कमा ५० प्रतिशत छुट, भन्सार महसुल, करयोग्य आय गणनामा छुट दिइएको थियो ।

त्यस्तै क्षतिको प्रारम्भिक प्रतिवेदनकै आधारमा बिमाबापत अनुमानित क्षतिको ५० प्रतिशत रकम अग्रिम रूपमा भुक्तानी गर्ने व्यवस्था मिलाएको थियो । यद्यपि ३३ अर्बको बिमा दाबीमध्ये हालसम्म आठ अर्ब मात्रै भुक्तानी भएको देखिन्छ । यी सुविधाले उद्यमी व्यवसायीलाई केही राहत दिएको थियो जसको जगमा निजी क्षेत्र उठ्नै पर्ने अत्मबलले व्यवसाय पुनरुत्थान गर्न सम्भव भएको हो ।

### सरकारी ढाडसले उठ्न सक्यो निजी क्षेत्र

रामेश्वर खनाल, पूर्वअर्थमन्त्री



उद्यम व्यवसायमा आगजनी र लुटपाट मात्र होइन निजी आवास पनि जलाइएको अवस्थामा म अर्थमन्त्री बनेको थिएँ । सुरुका दिनमा प्रतिष्ठित उद्यमी लगानीकर्ता 'अब देशभित्र रहन सकिन्न' भन्ने तहको अवस्थामा पुगेका थिए तर हामीले तत्काल सबै प्रभावित उद्यमीलाई भेट्यौँ र 'सरकार तपाईंहरूसँगै छ नआत्तिनुस्' भन्ने ढाडस दियौँ । मुखले मात्र भनिएन निजी क्षेत्रका छाता सङ्गठनकै सुझावबमोजिम सरकार गठन भएको सात दिनमै कर, बैङ्किङ र बिमाका क्षेत्रमार्फत सहायताको हात बढाइएको थियो ।

यसपछि भने निजी क्षेत्रले 'हामी खरानीबाटै भए पनि उठ्छौँ' भन्ने भाष्य निर्माण गर्नुभयो, जुन अत्यन्तै सकारात्मक र ठुलो साहसको कुरा थियो र अहिले अधिकांश उठी पनि सकेको देखिन्छ तर यति उठानले मात्र पुग्ने अवस्था भने होइन । लगानी विस्तारको योजना बन्न सकेको देखिँदैन । यसले मनोबल बढेको पुष्टि गर्दैन ।

### हार मान्नै मिल्दैन निजी क्षेत्रले

चन्द्रप्रसाद ढकाल, पूर्वअध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ



जेनजी आन्दोलनका नाममा भएको आगजनी र तोडफोडका कारण निजी क्षेत्रले अकल्पनीय क्षति बेहोरेको हो । उद्यमी व्यवसायीलाई यस्तो अवस्थामा पनि हार मान्ने छुट हुँदैन । भौतिक सम्पत्ति खरानी बनेको अवस्थामा पनि पुनः सुचारु गराउनु हाम्रो बाध्यता र आवश्यकता दुवै हुन्छ । भौतिक सम्पत्ति जले पनि ऋण तथा दायित्व बचेकै हुन्छ । हजारौँ रोजगार आश्रित रहेको हुन्छ । बजारमा वस्तु तथा सेवा आवश्यक नै हुन्छ । यसर्थ त्यो विपत्मा पनि खरानीबाटै उठ्नु हाम्रो बाध्यता पनि हो ।

यसमा तत्कालीन सरकारले दिएको सहुलियत तथा सुविधाले पनि केही योगदान गरेको हो । जलेका व्यवसाय उठे पनि निजी क्षेत्रको मनोबल भने अपेक्षाकृत बलियो हुन सकेको छैन । नयाँ उद्यम व्यवसायमा जाने विस्तार गर्ने गरी हाम्रा साथीमा आँट आइसकेको छ भन्न मिल्दैन । नेपालको निजी क्षेत्र अझै पर्ख र हेरकै अवस्थामा छ ।

# गोल्याण ग्रुपका अध्यक्ष सम्मानित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २३ गते*



जेनजी सहिद परिवारको संस्था जेनजी सहिद परिवार कल्याणकारी समाजले गोल्याण ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक अक्षय गोल्याणलाई सम्मान गरेको छ । जेनजी आन्दोलनको एक वर्ष पूरा भएको अवसरमा मङ्गलबार काठमाडौँमा आयोजित विशेष समारोहमा गोल्याणलाई सम्मान गरिएको हो ।

गृहमन्त्री सुधन गुरुङसहित सहभागी कार्यक्रममा समाजले गोल्याणलाई सम्मानपत्रसहित खादा ओढाएर सम्मान गरेको छ । गोल्याण ग्रुपले गोल्याण फाउन्डेसनमार्फत सहिदका सन्तानलाई १२ कक्षासम्मको शैक्षिकवृत्ति र बुवाआमालाई आजीवन स्वास्थ्य बिमा प्रदान गरेको छ । जेनजी आन्दोलनको एक महिनापछि २०८२ असोज २४ मा ग्रुपले शिक्षा र स्वास्थ्यमा आधारित सहयोग कार्यक्रम घोषणा गरेको थियो ।

प्रतिबद्धता अनुसार फाउन्डेसनले २२ सहिदका ३१ बालबालिकालाई शैक्षिकवृत्ति र २२ सहिदका ४३ आमाबुवालाई वार्षिक १० लाख रुपियाँको स्वास्थ्य बिमा प्रदान गरिएको छ । शैक्षिक वृत्ति कक्षा १२ सम्म र स्वास्थ्य बिमा आजीवन रहेको छ । फाउन्डेसनले शैक्षिक वृत्ति र स्वास्थ्य बिमा कार्यक्रमका लागि वार्षिक करिब साढे दुई करोड रुपियाँ विनियोजन गर्दै आएको जनाएको छ । कार्यक्रममा मन्तव्य राख्दै अध्यक्ष तथा प्रबन्ध निर्देशक गोल्याणले सहिद परिवारमा समर्पित शिक्षा र स्वास्थ्यको वचन कुनै एक वर्ष वा कार्यक्रमका लागि नभई सधैँका लागि भएको बताउनुभयो ।

# नेपालमा भ्रमण र पर्यटकीय गतिविधि जारी राख्न विश्व समुदायलाई आग्रह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २३ गते*

PATA®
Pacific Asia Travel Association
FOUNDATION

प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) ले भोटेकोशी बाढीका कारण उत्तरी भेगका केही पर्यटकीय गन्तव्यबाहेकका क्षेत्र सुरक्षित र खुला रहेको जनाउँदै नेपालमा भ्रमण र पर्यटकीय गतिविधि जारी राख्न विश्व समुदायलाई आग्रह गरेको छ ।

पाटाले भोटेकोशी बाढीबाट प्रभावित निश्चित भूभागलाई आधार बनाएर समग्र नेपाल नै असुरक्षित रहेको सन्देश प्रवाह नगर्न विश्व समुदायलाई आग्रह गर्दै सुरक्षित रहेका पर्यटकीय गन्तव्यमा भ्रमण जारी राख्न अपिल गरेको हो ।

पाटाका अध्यक्ष हेनरी ओह र पाटा फाउन्डेसनका अध्यक्ष एन्ड्रयुले संयुक्त विज्ञप्ति जारी गर्दै बाढीका कारण रसुवा, लामटाङ तथा भोटेकोशी आसपासका केही पर्यटकीय क्षेत्रमा क्षति पुगे पनि मुलुकका अधिकांश प्रमुख पर्यटकीय गन्तव्य सुरक्षित र सञ्चालनमा रहेको र बाढी प्रभावित क्षेत्रबाहेकको क्षेत्रमा निर्बाध पर्यटकीय गतिविधि गर्न सकिने जनाउनुभएको छ ।

आगामी पर्यटकीय मौसम सुरु हुन लागेको अवस्थामा नेपालको वास्तविक अवस्थाबारे स्वदेश तथा विदेशमा सही सूचना प्रवाह गर्न आवश्यक रहेको जनाउँदै विज्ञप्तिमार्फत बाढीका कारण सम्पूर्ण पर्यटकीय गन्तव्य प्रभावित रहेको जस्ता नकारात्मक सन्देश प्रवाह नगर्न पर्यटन व्यवसायी, सञ्चार माध्यम तथा यात्रुलाई आग्रहसमेत गरिएको छ ।

पाटाले बाढीपछि काठमाडौँ, पोखरा तथा अन्नपूर्ण क्षेत्र, सगरमाथा तथा खुम्बुक्षेत्र, चितवन, बर्दिया, लुम्बिनी तथा तराईका अधिकांश पर्यटकीय गन्तव्य सञ्चालनमा रहेको र देशका प्रमुख विमानस्थल तथा धेरै जसो पर्यटन पूर्वाधारसमेत सञ्चालनमा रहेको जनाइएको छ ।

बाढीका कारण स्थानीय बस्ती, सडक तथा पुललगायतका भौतिक संरचनाका साथै पर्यटन व्यवसायमा समेत असर परेको र पर्यटन क्षेत्रमा काम गर्ने गाइड, चालक, भरिया, होमस्टे तथा लज सञ्चालक र साना होटेल व्यवसायीसमेत प्रभावित छन् । विपत्तिलाई सम्पूर्ण नेपालको अवस्थासँग जोडेर हेर्न नहुनेमा जोड दिँदै पाटाले नेपाल भ्रमणको योजना बनाइरहेका यात्रुलाई पनि सम्बन्धित गन्तव्यको पछिल्लो अवस्थाबारे आधिकारिक तथा विश्वसनीय स्रोतबाट जानकारी लिएर यात्रा योजना बनाउन आग्रह गरेको छ ।

**नेपाल टुरिजम रिकभरी फन्ड सञ्चालन गर्ने**

पाटा फाउन्डेसनले प्रभावित क्षेत्रमा पर्यटनमा निर्भर परिवार तथा व्यवसायीको जीविकोपार्जन पुनर्स्थापना गर्ने उद्देश्यले 'नेपाल टुरिजम रिकभरी फन्ड' सञ्चालनमा ल्याउने जनाएको छ ।

उक्त कोषमार्फत बाढी प्रभावित क्षेत्रका गाइड, चालक, भरिया तथा होमस्टे, लज, टी हाउस र साना होटेल सञ्चालन गर्ने परिवारलाई सहयोग गर्ने योजना रहेको जनाएको छ ।

**नेपालबारे सही सूचना लिन आग्रह**

पाटाले अन्तर्राष्ट्रिय सञ्चार माध्यममा बाढीको प्रभावबारे प्रकाशित समाचारमा प्रभावित र अप्रभावित क्षेत्रबिच स्पष्ट विभाजन नहुँदा बाढीबाट प्रभावित नभएका नेपालका विभिन्न गन्तव्यमा समेत पर्यटकले यात्रा रद्द गर्न थालेकाले तत्काल नेपाल भ्रमणका योजना तथा बुकिङ रद्द नगर्नसमेत पाटाले आग्रह गरेको छ ।

त्यस्तै नेपालबारे सही तथा अद्यावधिक जानकारीका लागि नेपाल पर्यटन बोर्डको 'नेपाल जाउँ' सूचना प्रणाली प्रयोग गर्न अपिल गरिएको छ ।

**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Roads**
**Federal Roads Supervision and Monitoring Office, Kathmandu**
**Road Division Hetauda, Makwanpur**

**Invitation for Bids**

**Tender Notice Number**: *03-2083/084*
**Date of Publication**: *2083/05/24 (September 09, 2026)*

The Tender Notices previously published by this Division through the PPMO e-GP System on 2083/03/32, 2083/05/08 and 2083/05/10, Notice nos. 11-2082/083, 03-2083/084 and 04-2083/084 respectively have been cancelled due to the technical issues currently encountered in the PPMO's e-GP System and latest Amendment in the Bidding Document due to 16th Amendment of the Public Procurement Regulations (PPR), 2064. Accordingly, this notice is hereby published for the information of all concerned, incorporating the necessary details as set forth below.

1. Road Division Hetauda invites Sealed Bids (Hard Copy) from eligible bidders for following works:

| S. N. | Contract ID | Work Descriptions & Site | Est. Amount (Without VAT & Contingencies) NRs. | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | RDHTD/ 33701132/ 2082/083-48 | Construction of Crossing Structure at Baghjhora Khola along Hetauda-Samari-Bhainse Section of Tribhuwan Rajpath (NH41), Makwanpur | N.A. | 18,45,000.00 | 90 Days/120 Days | 5000.00 |
| 2 | RDHTD/ 33701138/ 2083/084-16 | Drain Construction Works along Manmat (MRM)-Kalaiya-Matiarwa (IB) Road (NH35), Bara | N.A. | 6,50,000.00 | 90 Days/120 Days | 5000.00 |
| 3 | RDHTD/ 33701138/ 2083/084-17 | Road Improvement and Structural Works along Kachorwa-Kalaiya-Birgunj-Basantapur-Amuwapost (DB) Section of Hulaki Rajmarg (NH05), Bara & Parsa | N.A. | 6,50,000.00 | 90 Days/120 Days | 5000.00 |
| 4 | RDHTD/ 33701136/ 2083/084-18 | Road and Traffic Safety Works along Kachorwa-Kalaiya-Birgunj-Basantapur-Amuwapost (DB) Section of Hulaki Rajmarg (NH05), Bara & Parsa | N.A. | 6,50,000.00 | 90 Days/120 Days | 5000.00 |
| 5 | RDHTD/SQ/ 33701130/ 2083/084-19 | Road Maintenance Works along Parwanipur-Pathlaiya Section of TRP (NH41), Bara | 17,24,062.97 | 44,000.00 | 45 Days/75 Days | 1000.00 |
| 6 | RDHTD/SQ/ 33701130/ 2083/084-20 | Road Maintenance Works at Gandak Chowk of TRP (NH41), Parsa | 17,23,082.58 | 44,000.00 | 45 Days/75 Days | 1000.00 |

2. Information to deposit the cost of Bidding Document & Bid Security in the bank:

| Office Name | District Treasury Controller Office (Ko. Le.Ni.Ka.) Hetauda, Makwanpur | Contract No.: | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Nepal Bank Limited, City Office, Hetauda | RDHTD/33701132/2082/83-48, RDHTD/33701138/2083/084-16, RDHTD/33701138/2083/084-17 & RDHTD/33701136/2083/084-18 | Sep 21, 2026 (2083/06/05) Time: 11:00 A.M. | Oct 01, 2026 (2083/06/15) Time: 12:00 P.M. | Oct 01, 2026 (2083/06/15) Time: 13:00 P.M. |
| Rajaswa khata No. | 00101000000001001001 | | | | |
| Rajaswa shirshak No.: | 14229 | | | | |
| Deposit Account No.: | 02501000002003000001 | RDHTD/SQ/33701130/2083/084-19 & RDHTD/ SQ/33701130/2083/084-20 | N.A. | Sep 18, 2026 (2083/06/02) Time: 12:00 P.M. | Sep 18, 2026 (2083/06/02) Time: 13:00 P.M. |
| Office code No.: - | 337013201 | | | | |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Whereas under the Single Stage, Single Envelope Procedure, Bidders are required to submit mandatory documents and price bid in one Sealed Envelope as per the provision of ITB 18 of the Bidding Document.
4. A complete set of Bidding Documents shall be purchased from Road Division, Hetauda by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee in the account as specified above till 2083/06/14 [S.No.:(1-4)] and on 2083/06/01 [S.No.:(5-6)] during office hours or Eligible Bidders can also download the Bidding Documents from the Website of Road Division Hetauda i.e. www.dor.gov.np/hetauda
5. Sealed bids (Hard Copy) must be submitted to Road Division, Hetauda on or before 12:00 Hrs. on 2083/06/15 [S.No.:(1-4)] and on 2083/06/02 [S.No.:(5-6)]. Bids received after this deadline will be rejected.
6. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Eligible Bidders may obtain further information at Road Division, Hetauda (Tel: 057-520311, email: roaddivisionhetauda@gmail.com).

**Division Chief**